नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
सिरहा
(प्रशासन शाखा)

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

☎ ५२००३२
फ्याक्स ५२००९९

प.सं. :- ०७७/०७८
च.नं. ११६६

मिति : २०७८/०५/३१ गते

**विषय: कोभिड -१९ संक्रमण न्यूनीकरण गर्न २०७८/०५/३१ राति १२:०० बजेबाट अर्को आदेश नहुँदासम्म सिरहा जिल्लाभर लागु हुने गरी प्रमुख जिल्ला अधिकारीबाट जारी आदेश।**

**आदेश जारी भएको मिति - २०७८/०५/३१**

कोभिड-१९ संक्रमण जोखिम न्यूनीकरण गर्न सिरहाका प्रमुख जिल्ला अधिकारीबाट २०७८ असोज ०१ देखि अर्को व्यवस्था नहुँदासम्मका लागि सिरहा जिल्लाभर लागु हुने गरी २०७८ भाद्र ३१ का दिन स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ एवम् कोभिड संकट व्यवस्थापन अध्यादेश – २०७८ एवं प्रचलित कानून बमोजिम जारी भएको आदेश :

कोभिड - १९ संक्रमणको पहिलो लहरबाट २५ जना र दोस्रो लहरबाट १०७ जना गरी १३२ जना सिरहावासीको दुखद निधन भई सकेको छ।

सो संक्रमण जोखिम कायमै रहेको अवस्थामा निषेधित क्रियाकलाप नगर्न, जन स्वास्थ्य एवं सुरक्षाका मापदण्ड पालना गर्न र जनजीवन समेत अनुकुल तुल्याई जन स्वास्थ्य प्रति संवेदनशील हुन स्थानीय प्रशासन ऐन २०२८ को दफा ६ एवं कोभिड संकट व्यवस्थापन अध्यादेश - २०७८ अनुरुप अर्को व्यवस्था नहुँदासम्म लागु हुने गरी देहायको आदेश जारी गरिएको छ। उल्लेखित आदेशको पालना गर्न गराउन र सहयोग पु-याउन सरोकारवाला सवैमा अनुरोध छ।

१. जन स्वास्थ्य र सुरक्षाको मापदण्ड पालना गरेर मात्र ;
   - बाहिर हिड्डुल गर्ने।
   - व्यवशाय गर्ने।
   - २५ जनामा नबढाई भौतिक दुरीमा कार्यक्रम संचालन गर्ने।
   - धार्मिक कृत्य गर्ने।

२. **विद्यार्थिक शिक्षण सिकाइ निर्देशिका,** २०७७ को मापदण्डको परिधि भित्र रहेर मात्र शिक्षण सिकाई क्रियाकलाप सञ्चालन गर्ने।
   यसमा स्थानीय तह समेतको रेखदेख र अनुगमन हुने गरी स्थानीय तह (न.पा./गा.पा.) को अनिवार्य स्वीकृती भएको हुनु पर्ने।

३. **वडा दशैं, तिहार, छठ लगायतका पर्वहरु समेत** जनस्वास्थ्य सुरक्षाको मापदण्ड प्रयोग गरेर मात्र विधि पु-याई सम्पन्न गर्ने, भरसक घर - घरमै रही त्यस्तो कृत्य मनाउने।

४. सार्वजनिक यातायातमा सिट क्षमता भन्दा बढी यात्रु नराख्ने, तोकिएको भन्दा बढी भाडा नलिने र जनस्वास्थ्य सुरक्षाको मापदण्ड – सवारी चालक, सह चालक एवं यात्री समेतले अवलम्वन गरेको हुनु पर्ने।

५. डिजे बाजा नबजाउने, कन्सर्ट वा आर्केष्ट्राको आयोजना नगर्ने साथै भीडभाड हुने अन्य गतिविधि समेत नगर्ने।

...................
प्रदीपराज कणेल
प्रमुख जिल्ला अधिकारी



प्रमुख जिल्ला अधिकारी